जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८२ २०८३ साल असार ६ गते शनिबार (20 June 2026 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : फिफा विश्वकपको समूह चरणको... ३ पृष्ठमा : स्वास्थ्य बिमाको पुनःसंरचनाका ... ३ पृष्ठमा स्विस वार्ता पुनः...




***लालपूर्जाको माग गर्दै दबाबमूलक आन्दोलन निरन्तर :*** जनआन्दोलन परिचालन समितिको आयोजनामा "गते-तारिख चाहिँदैन, लालपुर्जा चाहियो" भन्ने नारासहित शुक्रबार राजविराज नगरवासीले जुलुस प्रदर्शन गरेका छन्। दशकौंदेखी ब्लक तथा बिटौरी जग्गाको समस्या झेल्दै आएका राजविराज नगरवासीले आफ्नो वैधानिक हकको सुनिश्चितता तथा निःशुल्क लालपुर्जाको माग गर्दै विगत एक महिनादेखी शान्तिपूर्ण आन्दोलन गर्द आइरहेका छन्। ***तस्बिर : खेलानन्द दासको फेसबुकबाट***

# पदको लोभले मधेशवादी दल फुट्यो : उपेन्द्र यादव




**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मन्त्री पदको लोभले मधेशवादी दल फुटेको आरोप लगाएका छन्।

शुक्रबार राजविराजमा आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै अध्यक्ष यादवले विगतमा मधेशवादी दलहरू मन्त्री पद र सत्ताको स्वार्थका लागि फुटेको आरोप लगाएका हुन्।

उनले विचार र सिद्धान्तका आधारमा नभई व्यक्तिगत स्वार्थका कारण पार्टी विभाजन भएको उल्लेख गरे।

मधेशमा सुशासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न तथा जनताका अपेक्षा अनुसार काम गर्न नसक्दा चुनावमा प्रतिकूल परिणाम भोग्नुपरेको उनले जिकिर गरे। जनताले दल र नेतृत्वको कार्यशैलीको मूल्यांकन गरेर मतदान गर्ने भएकाले विगतका कमजोरीबाट पाठ सिक्नुपर्ने उनको भनाइ थियो।

अध्यक्ष यादवले अब पार्टीका नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरू सचिएर जनताको पक्षमा इमान्दारितापूर्वक काम गर्नुपर्ने बताए। उनले पार्टीभित्र अनुशासन, सुशासन र जनउत्तरदायित्वलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै यसो नगरे पार्टीको भविष्य नै संकटमा पर्न सक्ने चेतावनी समेत दिए।

# "समुन्नती कार्यक्रम" ले विद्यालयको भौतिक पूर्वाधारदेखि शैक्षिक गुणस्तरमा ल्यायो परिवर्तन




**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ८ स्थित राष्ट्रिय आधारभूत विद्यालय महुलियामा भौतिक पूर्वाधारदेखि शैक्षिक गुणस्तरमा आमूल परिवर्तन आएको छ।

बालविकासदेखि कक्षा ७ सम्म पढाई सञ्चालनमा रहेका उक्त विद्यालयमा कक्षा ३ सम्म अंग्रेजी माध्यममा पढाई भईरहेको छ जुन सुरुङ्गा नगरपालिका रहेका ३१ वटा विद्यालयमा यो नमूना विद्यालय रहेको छ।

समुन्नती कार्यक्रम अन्तरगत उक्त विद्यालयमा शिक्षकहरुलाई तालिम, भौतिक सहयोग र अन्य शैक्षिक सहयोगले पहिलाको भन्दा अहिले विद्यालयमा धेरै परिवर्तन आएको प्रधानाध्यापक सुनिल कुमार चौधरीले बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुभनारायण चौधरीले समुन्नती कार्यक्रम अन्तर्गत नै २०८१ मंसिर १६ मा हरित तथा जंकफुड रहित विद्यालय घोषणा गरिएको जानकारी दिए। उनले यो परियोजना सम्पन्न भएपछि पनि विद्यालय अहिले जुन उचाईमा पुगेको छ त्यसमा कमी आउन नदिने प्रतिवद्धता जनाए।

विद्यालयको भौतिक र शैक्षिक विकासका लागि ७ लाख ३३ हजार बराबरको सहयोग गरिएको सबल नेपालका फिल्ड म्यानेजर रोशन मंडलले जानकारी दिए।

यस्तै सोही कार्यक्रम अन्तर्गत खडक नगरपालिका वडा नं. १ सिस्वा बेल्ही स्थित साना किसान कृषि सहकारी संस्था लिमिटेड मार्फत सञ्चालित बालबालिकालाई शैक्षिक सहयोग तथा उद्यमशीलताका लागि कार्य गरिएको छ।

समुन्नती कार्यक्रम अन्तर्गत सो संस्थालाई सबल नेपालले उपलब्ध गराएको रु पाँचलाख ६५ हजार रकमलाई बाल अक्षय कोष बनाएर सो रकमको ब्याजबाट २१ जना गरिब, विपन्न, भूमीहीन तथा दलित बालबालिकाहरुलाई शैक्षिक सामग्री खरिद गर्न प्रति महिना ३ सयका दरले उपलब्ध गराईरहेको संस्थाका अध्यक्ष विष्णुदेव मंडलले बताए।

संस्थामा रहेको कोषबाट उद्यमशीलताको लागि वडा नं. १ र २ मा समूह बनाई ऋण लागानी गरेर त्यसबाट आउने ब्याजले अध्ययनरत छात्र-छात्राहरुलाई ६ बर्ष देखि यस्तो सहयोग गर्दै आएको संस्थाका म्यानेजर श्रवण कुमार साहले बताए।

उनले यस्तो सहयोग कक्षा १२ सम्म अध्ययन गर्ने छात्र-छात्राहरुले पाउने जानकारी दिए। "सहयोग पाउने मध्ये १० जना सबलले र ११ जना आफ्नो संस्थाले छनौट गरेर यो सहयोग गरिरहेको छ, त्यसमध्ये तीनजना एसईई उत्तीर्ण पनि गरिसकेको छ" साहले भने।

एकातिर ऋण लगानी गरेर उद्यमशील बनाउने र अर्कोतिर छात्र-छात्राहरुलाई सहयोग हुने गरी दोहरो फाईदा हुने उद्देश्यले यस्तो कार्यक्रम सञ्चालनमा ल्याईएको फिल्ड म्यानेजर मंडलको तर्क छ।

उनले सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालित यो कार्यक्रम सकिए पनि संस्थाले निरन्तरता दिने प्रतिवद्धता जनाए। साहका अनुसार संस्थाले "बाल अक्षय कोष" स्थापना गरिएको र सो कोषमा सबलबाट आएको रकमका साथै संस्थाबाट नाफाको पाँच प्रतिशत प्रतिवर्ष जम्मा गरी यो कार्यक्रमलाई निरन्तर सञ्चालन गर्न कार्यविधि समेत बनाई सकिएको छ।

सप्तरीमा सन् २०१४ बाट सञ्चालित "सम्मुन्नती कार्यक्रम" यही ३० जुन २०२६ मा सम्पन्न हुने सबल नेपालका फिल्ड म्यानेजर मंडलले जानकारी दिए।

शुक्रबारे दुबै पालिकामा सञ्चारकर्मीहरुको एक टोली गरेको अनुगमनका क्रममा विद्यालयमा भौतिक पूर्वाधार निर्माण, विद्यार्थी र शिक्षक लक्षित

***बाँकी अन्तिम पृष्ठमा***

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# फिफा विश्वकपको समूह चरणको पहिलो खेल सम्पन्न

**नवीन लुइँटेल**

काठमाडौं, ५ असार (रासस)। उत्तर अमेरिकामा जारी २३ औँ संस्करणको विश्वकप फुटबलमा समूह 'ए' देखि 'एल' सम्म रहेका १२ वटै समूहको पहिलो चरणका खेल सकिएका छन् ।

पहिलो खेल सकिँदा फ्रान्स, अर्जेन्टिना, इङ्ल्याण्ड र जर्मनीजस्ता पूर्वविजेता टिमहरु विजयी हुँदा पाँच पटकको विश्व विजेता ब्राजिल र एक पटकको विजेता स्पेन बराबरीमा रोकिए । ब्राजिल मोरक्कोसँग एक-एक को बराबरीमा रोकिएको छ भने सन् २०१० को विश्वकप विजेता स्पेन पहिलोपल्ट विश्वकप खेल्दै गरेको अफ्रिकी राष्ट्रसँग गोलरहित बराबरीमा रोकिएको छ । क्रिस्चियानो रोनाल्डोको टिम पोर्चुगलले डिआर कङ्गोसँग एक-एक गोलको बराबरी खेल्यो ।

यस्तै आयोजक मेक्सिकोले दक्षिण अफ्रिकालाई हराउँदा अमेरिकाले पाराग्वेलाई सहजै पाखा लगाएको छ । अर्को सहआयोजक क्यानाडाले पनि युरोपेली छनोटमा इटालीलाई हराएर आएको बोस्नियाहर्जगोविनासँग बराबरी खेलेको छ । यसैगरी एसियाली राष्ट्र दक्षिण कोरियाले चेक गणतन्त्रलाई हराउँदा जापानले नेदरल्याण्ड्ससँग दुई-दुई गोलको बराबरी खेलेको छ । कतारले भने स्वीजरल्याण्डसँग एक-एकको बराबरी गर्दै अङ्क बाँड्दा दुईपटकको विजेता उरुग्वेलाई साउदी अरेबियाले तीन अङ्क खोस्न दिएन र बराबरी भयो । पहिलो खेल जित्ने टोलीको अन्तिम ३२ को यात्रा सहज भएको छ भने बराबरी गर्ने टोलीको पनि सम्भावना माथि नै छ तर पराजित टिमका लागी बाँकी खेलमा सकारात्मक नतिजा ल्याउनुपर्नेछ ।

कूल ४८ राष्ट्रबीच १२ समूहबाट आउने प्रत्येक समूहका विजेता र उपविजेता गरी २४ देशले अन्तिम ३२ मा स्थान पक्का गर्नेछन् भने थप आठ देशको टुङ्गो पनि ती १२ समूहका उत्कृष्ट तेस्रोबाट छानेर समावेश गरिनेछ । विजेता र उपविजेतासँगै तेस्रो हुनेहरूबाट पनि उत्कृष्ट आठ देशलाई अन्तिम ३२ मा लगिने हुँदा समूहका एक खेल जित्ने टोलीले पनि उत्कृष्ट तेस्रो हुँदै अर्को चरणमा पुग्ने सम्भावना बनाउन सक्नेछन् ।

**समूह 'ए' मा मेक्सिको र दक्षिण कोरिया अगाडि**

मेक्सिको र दक्षिण कोरियाले उत्तर अमेरिकी तीन देशमा जारी २३ औं संस्करणको विश्वकप फुटबलमा अन्तिम ३२ मा जाने सम्भावना बलियो बनाएका छन् । समूह ए का एक-एक खेल सकिँदा यी दुबै टोलीले आफ्ना पहिला खेल जित्दा अन्तिम ३२ का लागि सहज बाटो बनेको हो । मेक्सिको र कोरिया दुबैको तीन-तीन अङ्क छ ।

चार देश रहेको यो समूहमा दक्षिण अफ्रिका र चेक गणतन्त्रले भने आफ्नो पहिलो खेल नै हार्दा अर्को चरणमा जान बाँकी खेलमा राम्रो नतिजा ल्याउनुपर्ने भएको छ । पहिलो खेलको नतिजासँगै समान तीन अङ्क भए पनि गोल अन्तर बढी भएकाले मेक्सिको पहिलो स्थानमा छ । उसले दुई गोल गरेर कुनै गोल खाएको छैन । तीन अङ्क नै भए पनि दक्षिण कोरिया दोस्रो स्थानमा छ । उसले चेक गणतन्त्रलाई हराएर पनि एक गोल खाएको छ । यो समूहमा चेक गणतन्त्र र दक्षिण अफ्रिका दुबै पहिलो खेलमा पराजित भए पनि एक गोल गरेका आधारमा चेक गणतन्त्र तेस्रो स्थानमा छ । दुई गोल खाएर उसले एक गोल फर्काएको थियो ।

दक्षिण अफ्रिकाले दुई गोल खाएर एक गोल पनि गर्न सकेको छैन । अफ्रिका तालिकाको चौथो स्थानमा छ । कोरिया र मेक्सिकोका लागि बराबरीले पनि अन्तिम ३२ को यात्रा तय गर्न सक्छ भने चेक र अफ्रिकाका लागि दोस्रो खेलमा जितले यात्रा सहज बन्न सक्छ भने हारले यात्रालाई कठिन मोडमा पुऱ्याइदिन सक्छ ।

**समूह 'बी' मा सबैको समान अङ्क**

फिफा विश्वकप २०२६ को समूह बि का एक-एक खेल सकिएका छन् । पहिलो खेल सकिँदा समूहमा रहेका स्वीजरल्याण्ड, क्यानडा, कतार र बोस्नीया हर्जगोविनाले एक-एक अङ्क बटुलेका छन् । सबै टिमले एक-एक गोल गरेका कारण र अङ्क पनि बराबर भएका कारण ती सबैको हैसियता बराबर छ । सहआयोजक क्यानाडाले बोस्नियाहर्जगोविनासँग एक-एक को बराबरी गरेको छ भने अर्को खेलमा एसियाली राष्ट्र कतार र युरोपेली राष्ट्र स्वीजरल्याण्डले पनि बराबरी खेल्दै अङ्क बाँडेका थिए । अब ती चारवटै टिमले दुई-दुई खेल खेल्न बाँकी छ । क्यानाडाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ भने स्वीजरल्याण्डले बोस्नियाहर्जगोविना र क्यानाडासँग खेल्न बाँकी छ ।

यस्तै बोस्नियाहर्जगोविनाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ । अन्तिम ३२ भित्र अटाउन यी सबै टोलीलाई मुख्य तय जितले सहज हुनेछ भने बराबरीले पनि संभावना हट्ने छैन तर हारले भने संभावना कमजोर बन्नेछ ।

**समूह 'सी' मा ब्राजिल मोरक्कोसँग बराबरीमा**

तेइसौं संस्करणको विश्वकप फुटबलअन्तर्गत समूह 'सी' का सबै टिमको पहिलो खेल सकिँदा स्कटल्याण्ड तीन अङ्कसहित शीर्ष स्थानमा छ । स्कटल्याण्डले लामो समय द्वन्द्वबाट गुज्रिएर फेरि फुटबलमा पाइला चालेको हाइटीलाई एक-शून्यले हराउँदै तालिकाको पहिलो स्थानमा उभ्याएको छ । यही समूहको अर्को खेलमा पाँचपल्टको विश्व विजेता ब्राजिल अफ्रिकी देश मोरक्कोसँग एक-एकको बराबरीमा रोकिएको छ । सुरुआती गोल मोरक्कोका इजनेल साइबारीले गरेका थिए । उनले खेलको २१ औं मिनेटमा गोल गरेका थिए । त्यसपछि ११ मिनेट अग्रता बनाएको मोरक्कोले त्यसलाई निरन्तरता दिन सकेन ।

विश्व फुटबलकै पहिलोदेखि अहिलेसम्म निरन्तर सहभागी ब्राजिलले कमब्याक गर्दै हारबाट त बचायो तर स्पष्ट तीन अङ्क लिन सकेन । समूह 'सी' मा शीर्षस्थानको स्कटल्याण्डको तीन अङ्क छ । बराबरी गरेका मोरक्को र ब्राजिलको समान एक-एक अङ्क छ भने हाइटी शून्य अङ्कसहित पुछारमा छ । अब अन्तिम ३२ मा पुग्न स्कटल्याण्डलाई सहज भएको छ भने ब्राजिल र मोरक्को को लागि पनि सम्भावना प्रशस्तै छ तर हाइटीका लागि भने आगामी ब्राजिल र मोरक्कोसँगको खेलमा सुखद नतिजा ल्याउन अत्यावश्यक छ ।

**समूह 'डी' मा अमेरिका र अष्ट्रेलियाको समान अङ्क**

फिफा विश्वकप फुटबलमा अष्ट्रेलियाले टर्कीलाई हराएसँगै समूह 'डी'मा आयोजक अमेरिका र अष्ट्रेलियाको समान तीन-तीन अङ्क भएको छ । एशियाली क्षेत्रको प्रतिनिधित्व गर्ने अष्ट्रेलियाले आइतबार विश्वकप फुटबलमा तेस्रो स्थान हासिल गरिसकेको टर्कीलाई दुई-शून्यले हराउन सफल भएको थियो । यसअघि यही समूहको पहिलो खेलमा आयोजक अमेरिकाले पाराग्वेलाई चार-एकले हराएको थियो । समूह तालिकामा अमेरिका समान तीन अङ्क भए पनि पहिलो स्थानमा छ । उसले चार गोल गरेर एक गोल खाएको छ । तीन अङ्क नै भए पनि अष्ट्रेलियाले दुई गोल गरेको छ । तसर्थ, गोल अन्तरमा अमेरिका अगाडि छ । यस्तै पराजित भएर पनि कम गोल खाएका कारण टर्की तेस्रो स्थानमा छ । उसले दुई गोल खाएको छ । पाराग्वे भने चार गोल खाएर एक गोल गर्दै तालिकाको पुछारमा छ । अब अन्तिम ३२ भित्र प्रवेश गर्न अमेरिका र अष्ट्रेलियाका लागि बराबरी पनि काफी हुन सक्नेछ भने पाराग्वे र टर्कीका लागि जित आवश्यक देखिन्छ । पाराग्वे र अमेरिकाले अब अष्ट्रेलिया र टर्कीसँग खेल्न बाँकी छ ।

**समूह 'इ' मा जर्मनी बलियो, आइभरीकोष्ट पछ्याउँदै**

नवप्रवेशी कुरासाओलाई भारी अन्तरले हराएपछि समूह 'इ' मा जर्मनी बलियो देखिएको छ । सात-एक अन्तरको जित बटुलेको चार पटकको विश्व विजेता जर्मनीको समूहमा पहिलो खेल सकिदा तीन अङ्क भएको छ । पहिलो खेलमा इक्वेडरलाई एक-शून्यले हराएको अफ्रिकी देश आइभरीकोष्टको पनि तीन अङ्क छ । पहिलो खेल सकिदासम्म जर्मनी तीन अङ्कसहित पहिलो स्थानमा छ । समान तीन अङ्क नै भए पनि गोल अन्तरमा पछि पर्दै आइभरीकोष्ट दोस्रो स्थानमा छ । जर्मनीले सात गोल गरेर मात्र एक गोल खाएको छ भने आइभरीकोष्टले एक गोल गरेर विपक्षीबाट कुनै गोल खाएको छैन ।

यो समूह 'इ' को तालिकामा इक्वेडर तेस्रो स्थानमा छ भने कुरासाओ चौथो स्थानमा छ । इक्वेडरले कुनै गोल गर्न नसकेपनि मात्र एक गोल खाएको छ भने कुरासाओले एक गोल गरेर तीन गोल खाएको छ । अब अन्तिम ३२ मा जान जर्मनी र आइभरीकोष्टलाई सहज भएपनि इक्वेडर र कुरासाओको संभावना सकिएको भने छैन । अबका बाकी खेल कुरासाओ र इक्वेडरका लागि अझ महत्वपूर्ण हुनेछ । जित या बराबरीले अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ । हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ ।

बलियो देखिएको जर्मनीले अब आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ भने कुरासाओले पनि आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ । यस्तै आइभरीकोष्टले जर्मनी र कुरासाओसँग तथा इक्वेडरले कुरासाओ र जर्मनीसँग खेल्नेछ । विगतका इतिहास हेर्ने हो भने जर्मनी चारपटक विजेता, चारपटक उपविजेता र चारपटक नै तेस्रो भएको छ । कुनै समय फ्रान्सको एक हिस्सा रहेको आइभरीकोष्ट स्वतन्त्र भएपछि सन् २००६ मा पहिलोपल्ट विश्वकप २००६ मा छनोट भएको थियो । उसले सन् २०१० र २०१४ गरी अहिलेसम्म तीन विश्वकपमा सहभागिता जनाएको छ । इक्वेडरले चौथो विश्वकपमा सहभागिता जनाइरहँदा सन् २००६ मा अन्तिम १६ सम्म पुग्न सकेको थियो । कुरासाओ भने पहिलोपल्ट विश्वकपमा सहभागिता जनाउँदैछ ।

**समूह 'एफ'मा स्वीडेन अगाडि, जापान र नेदरल्याण्ड्स पछ्याउँदै**

समूह 'एफ' मा स्वीडेन तीन अङ्कसहित पहिलो स्थानमा छ । विश्वकप फुटबलको इतिहासमा तीनपटक फाइनल पुगेर उपविजेतामै चित्त बुझाएको नेदरल्याण्ड्स र एशियाली फुटबलको पावरहाउस जापान एक-एक अङ्कसहित समूहमा दोस्रो स्थानमा छन् । अफ्रिकी देश ट्युनेसिया बिना कुनै अङ्क समूहमा पुछारमा छ । सन् १९३४ को दोस्रो संस्करणको विश्वकपदेखि सहभागी हुँदै आएको स्वीडेनले जारी विश्वकपको आफ्नो पहिलो खेलमा ट्युनेसियालाई पाँच- एक गोल अन्तरले हराएको छ । यो समूह अर्न्तगत जापान र नेदरल्याण्ड्सले दुई-दुई गोलको बराबरी खेलेका छन् । अन्तिम ३२ मा पुग्न स्वीडेनलाई सहज भएको छ भने जापान र नेदरल्याण्ड्सको पनि सम्भावना बलियो छ । तर ट्युनेसियाले भारी अन्तरले हारेका कारण जीतको विकल्प छैन । जापानले अब स्वीडेन र ट्युनेसियासँग खेल्न बाँकी छ । स्वीडेनले जापानसँगै नेदरल्याण्ड्ससँग पनि भिड्न बाँकी छ ।

यसैगरी नेदरल्याण्ड्सले स्वीडेनसँगै ट्युनेसियासँग खेल्न बाँकी छ । समूहको पुछारमा रहेको टोली ट्युनेसियाले जापान र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्न बाँकी छ । जित या बराबरीले ट्युनेसियाको अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ । हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ । स्वीडेनले बाँकीका खेलमा बराबरी मात्रैले पनि अर्को चरणमा पुऱ्याउन सक्छ । जापान र नेदरल्याण्ड्सका लागि अबको खेलमा जित हासिल गरे अन्तिम ३२ को यात्रा समूह चरणको अन्तिम खेलअघि नै सहज हुनेछ भने हारले चुनौती थप्नेछ ।

स्वीडेन एक पटकको उपविजेता र दुईपटकको विश्वकपमा तेस्रो भएको टोली हो । नेदरल्याण्ड्स तीनपटक उपविजेता र एकपटक तेस्रो भएको टोली हो । जापान विश्वकपमा अन्तिम १६ भन्दा माथि जान सकेको छैन भने ट्युनेसीयाले समूहचरण पार गर्न सकेको छैन ।

**समूह 'जी'मा बेल्जियम दबाबमा**

समूह जीमा रहेका सबै चार वटै देशको एक-एक अङ्क छ । न्युजिल्याण्ड, इरान, बेल्जियम र इजिप्टको समान एक-एक अङ्क छ । तैपनि बढी गोल गरेका आधारमा तालिकामा न्युजिल्याण्ड र इरान अगाडि छन् । उनीहरुले दुई-दुई गोल गरेका छन् । पहिलो खेलमा न्युजिल्याण्ड र इरानले दुई-दुई गोलको बराबरी खेलेका थिए । समान एक-एक अङ्क भएपनि एक-एक गोल मात्र गरेका कारण बेल्जियम र इजिप्ट न्युजिल्याण्ड र इरानभन्दा तल छन् । समान गोल अन्तर भए पनि बढी गोल गरेका आधार बेल्जियम र इजिप्ट तल परेका हुन् ।

सन् २०१८ को विश्वकपमा तेस्रो स्थान ल्याउन सफल टोली बेल्जियम १५ औँ पटक सहभागिता जनाउने क्रममा दबाबमा छ । अब उसका लागि बाँकी दुबै खेलमा राम्रो नतिजा ल्याउनुपर्नेछ । अरु प्रतिस्पर्धी टिमले पनि नकारात्मक नतिजा ल्याए उ कम दबाबमा रहनेछ तर दोस्रो खेलमा पनि उस्तै बराबरी नतिजा आएको खण्डमा भने अरु देशलाई लक लाग्दै बेल्जियम दुर्भाग्यको शिकार बन्न सक्छ ।

पहिलो र दोस्रो विश्वकपमै सहभागी थियो बेल्जियम । दोस्रो विश्वकप पछि एकैपल्ट सन् १९९० को विश्वकप र २०१८ को विश्वकप पछि चौथोपल्ट सहभागी इजिप्टको एक अङ्क छ । फिफा बरियतामा नवौं स्थानमा रहेको बेल्जियनलाई उपाधि दाबेदारको सूचीबाट हटाउन सकिँदैन । इरानका लागि अबका दुई खेल बेल्जियम र इजिप्टसँग हुनेछ । कमब्याक गरेर हारबाट जोगिएको इरानका लागि अन्तिम ३२ मा जान अबका दुई खेलमा एकमा जित र एकमा बराबरी काफी हुनेछ । इजिप्ट र न्युजिल्याण्डका लागि पनि सुखद नतिजा आवश्यक छ ।

**समूह 'एच'मा स्पेनसँगै सबैको एक-एक अङ्क**

उत्तर अमेरिकी महादेशमा जारी विश्वकपमा समूह 'एच' मा रहेका सबै चारवटै देशको एक-एक अङ्क छ । एसियाली राष्ट्र साउदी अरेबिया, एक पटकको विश्वकप विजेता स्पेन, दुई पटकको विजेता उरुग्वे र नवप्रवेशी अफ्रिकी मुलुक केप भेर्डेको समान एक-एक अङ्क छ भने साउदी र उरुग्वेले मात्रै एक-एक गोल गरेका छन् । स्पेन र केपे भेर्डे गोलवीहिन छन् ।

अन्तिम ३२ मा जाने टोलीको टुङ्गो लाग्न समूह चरणमा बाँकी रहेका दुई खेल आवश्यक पर्नेछ । तर अब हुने दोस्रो खेलले पनि को को अगाडि बढ्नेछन् , त्यसको एक खाले छनक दिनेछ । यो समूहको पहिलो खेलमा युरोपको एक अनुभवी एवं विश्व विजेता तथा युरोपियन विजेता भइसकेको स्पेन बराबरीमा रोकेको छ । अब साउदी अरबले स्पेन र केपे भेर्डेसँग खेल्न बाँकी छ भने उरुग्वेले पनि स्पेन र केपे भेर्डेसँग खेल्न बाँकी छ । केर्पे भेर्डे र स्पेनले साउदी अरब र उरुग्वेसँग खेल्न बाँकी छ ।

**समूह 'आई' मा फ्रान्स र नर्वे अगाडि**

समूह चरणको पहिलो खेल सकिदा समूह 'आई'मा दुई पटकको विश्वविजेता फ्रान्स र २८ वर्षपछि विश्वकपमा फर्किएको नर्वेको समान तीन-तीन अङ्क छ । यो समूहको पहिलो खेलमा पराजित सेनेगल र इराकको शून्य अङ्क छ । समूहको पहिलो खेलमा किलियन एम्बाप्पेको दुई गोलको मद्दतमा फ्रान्सले सेनेगललाई तीन-एक ले हराएको छ भने अर्को खेलमा नर्वेले इराकलाई चार-एक गोल अन्तरले पाखा लगाएको छ । तीन अङ्क नै भए पनि नर्वे फ्रान्स भन्दा माथि पहिलो स्थानमा छ । हारेपनि कम गोल खाएका कारण सेनेगल तेस्रो र इराक चौथो स्थानमा छ ।

**समूह 'जे' मा अर्जेन्टिना र अष्ट्रिया अगाडि**

समूह चरणको पहिलो खेल सकिँदा समूह 'जे' मा तीन पटकको विश्वविजेता अर्जेन्टिना र अष्ट्रियाले तीन-तीन अङ्क जोडेका छन् । जोर्डन र अल्जेरियाको कुनै अङ्क छैन । अब अन्तिम ३२ मा पुग्न जोर्डन र अल्जेरियालाई अर्को खेलमा जित आवश्यक छ । पहिलो खेलमा जितेका अर्जेन्टिना र अष्ट्रियालाई बराबरी मात्रले पनि अर्को चरणमा पुऱ्याउने छ । यो समूहमा लियोनियल मेसीको कीर्तिमानी ह्याट्रिकसँगै अर्जेन्टिनाले अल्जेरियालाई तीन-शून्यले हराएको छ । यो खेलको तीन गोलसँगै मेसीले विश्वकपमा सर्वाधिक गोलकर्ता जर्मनीका मिरोस्लाभ क्लोजको १६ गोल संख्या बराबरी गरेका छन् । यो समूहमा अष्ट्रियाले जोर्डनलाई तीन-एकले हराएको छ ।

**समूह 'के' मा पोर्चुगल दबाबमा, कोलम्बिया ढुक्क**

जारी विश्वकपको समूह 'के' मा क्रिस्चियानो रोनाल्डोको टिम पोर्चुगल दबाबमा छ । आफ्नो पहिलो खेलमा डिआर कङ्गोसँग बराबरीमा रोकिएसँगै अब अर्को चरणमा जान बाँकी रहेका खेलमा कम्तिमा एक जित आवश्यक देखीन्छ । यो समूहमा कोलम्बियाले उज्बेकिस्तानलाई तीन-एकले हराएको छ । पहिलो खेल सकिँदासम्म कोलम्बिया तीन अङ्कसहित पहिलो स्थानमा रहँदा पोर्चुगल र कङ्गोको समान एक-एक अङ्क छ भने एसियाली राष्ट्र उज्वेकिस्तान बिना अङ्क पुछारमा छ । कोलम्बियाका लागि बाँकी रहेका खेलमा बराबरी मात्रैले पनि अर्को चरणमा पुऱ्याउन सक्छ तर उज्वेकिस्तानलाई जीतको विकल्प रहनेछैन ।

**समूह 'एल' मा इङ्ल्याण्ड र घाना अगाडि, क्रोयसिया दबाबमा**

विश्वकप फुटबलको समूह 'एल' मा पूर्व विजेता इङ्ल्याण्ड र अफ्रिकी देश घानाले तीन-तीन अङ्क बनाएका छन् । ह्यारी केनको दुई गोलमा इङ्ल्याण्डले क्रोयसियालाई चार-दुई अन्तरले हराउँदा घानाले पानामालाई एक-शून्यले पाखा लगाएको थियो । अर्को चरणमा पुग्न इङ्ल्याण्डका लागि बराबरी पनि पर्याप्त हुन सक्नेछ भने क्रोयसियाका लागी जित आवश्यक छ । यो समूहमा पानामाका लागि जितको विकल्प रहनेछैन । तुलनात्मक रुपमा पानामा अरु देशभन्दा कमजोर देखिन्छ ।

# स्वास्थ्य बिमाको पुनःसंरचनाका लागि तयारी सुरु

काठमाडौं, ५ असार (रासस)।

विगतमा भुक्तानी लगायतको समस्या झेलिरहेको स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने सरकारले काम सुरु गरेको छ।

यसको पहिलो चरणमा बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका उच्च अधिकारीसहित प्रदेश तथा स्थानीय तहका स्वास्थ्यकर्मी तथा अधिकारीसँग बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने, आवश्यक वर्गको पहुँचमा पुऱ्याउने र बिमाको दाबी रकम भुक्तानीलाई समस्यारहित बनाउने उपायहरुबारे छलफल गरेको थियो।

छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले स्वास्थ्य बिमालाई प्रभावकारी बनाउन सरकारले बिमा कार्यक्रको पुनःसंरचना र यसलाई आर्थिक भारको विषय बन्न नदिनका लागि गृहकार्य गरिरहेको जानकारी दिनुभयो। "स्वास्थ्य बिमा कार्यक्रम अत्यन्त आवश्यक भएको वर्ग कुन हो भनेर छुट्याउनुपर्छ, त्यसका लागि गृहकार्य भइरहेको छ", उहाँले भन्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी स्वकीय उपसचिव प्रकृति ढकालले स्वास्थ्य बिमा क्षेत्रमा हालसम्म भएका प्रगति तथा विभिन्न अध्ययनको सार प्रस्तुत गर्नुभएको थियो। उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रम विभिन्न संरचनागत र प्रवृत्तिगत समस्याका कारण समस्याग्रस्त बने पनि सच्याएर अघि बढाउनुको विकल्प नरहेको बताउनुभयो।

साथै बिमा कार्यक्रम वार्षिक रु ६ अर्ब ७५ करोड घाटामा छ। नयाँ सरकार गठन भएपछि बिमाबापतको रकम तत्काल उपलब्ध गराउँदै आए पनि वार्षिक रु ६ अर्ब ५७ करोड घाटामै छ। अस्पतालको बाँकी बिमा रकम भुक्तानी गर्न रु १६ अर्ब आवश्यक रहेको जानकारी पनि उहाँले दिनुभयो।

यसरी घाटा हुनुका कारण बिरामीले मात्र बिमा गर्दा जोखिम कोषमा पर्याप्त रकम सङ्कलन नहुने, बिमा कार्यक्रममा स्वेच्छिक सभागिताका कारण पर्याप्त जोखिम कोष बन्न नसक्नु, अस्वाभाविक र झुठो दाबी, बिलमा अनावश्यक थप रकम र दोहोरो दाबी रहनु बिरामी र सेवा प्रदायक दुवैमा इमानदारीको अभाव आदि छन्। बिमा शुल्कले २४ प्रतिशत दाबीलाई मात्र भर गर्ने हुनाले वार्षिक ६.७५ अर्बको घाटा व्यहोर्नुपरेको उहाँको भनाइ थियो।

स्वास्थ्य सचिव डा विकास देवकोटाका अनुसार चालु आर्थिक वर्षमा पनि कुल रु एक अर्ब ९९ करोड दावि भएकामा त्यसको आधा अर्थात् रु एक अर्ब १७ करोड मात्र शोधभर्ना भएको छ। यसरी चालु आर्थिक वर्षमा रु एक अर्ब ११ करोड रकम बक्यौता रहेको छ। वर्तमान सरकार गठन भएपछि भुक्तानीको मात्रा बढाउँदै लगे पनि यो समस्याको दीर्घकालीन समाधानका लागि सरकारले गृहकार्य गरिरहेको छ। जसमा निजामती कर्मचारी शिक्षकलगायत अनिवार्य नामाङ्कन, आय आधारित प्रगतिशिल प्रिमियम, उमेर आधारित प्रिमियमको सम्भाव्यता अध्ययनलगायत अल्पकालीन उपाय अपनाइने छन्।

यसैगरी, झुटा र बढाइ चढाइ गरिएका दाबी रोक्ने संयन्त्रको व्यवस्था, स्थानीय र जिल्ला अस्पतालको सुदृढीकरणजस्ता संरचनागत सुधारको तयारी स्वास्थ्य मन्त्रालयले गरेको स्वास्थ्य सचिव देवकोटाले बताउनुभयो।

कार्यक्रममा बिमा भुक्तानी सहज बनाउन धुमपान र मद्यपान आदिमा छुटै कर लगाउन तथा अस्पतालहरुको रु १६ अर्ब बक्यौता रकम भुक्तानी दिन पनि विज्ञहरुले सुझाव दिएका छन्। छलफलमा भाग लिने प्रदेश र स्थानीय सरकारका प्रतिनिधिहरुले आमजनतालाई बिमाको जानकारी नै नहुनु, सेवामाथि अविश्वास, औषधि र उपचार उपलब्ध नहुनु, नजिकमा सूचीकृत अस्पताल नहुनु, प्रिमियम तिर्न आर्थिक कठिनाइ, बिमाले दिने सेवाबारे थाह नपाउनु र नामाङ्कन प्रक्रियाको जटिलताका कारण स्वास्थ्य बिमामा नामाङ्कन नै कम भएको उल्लेख गरेका थिए।

गण्डकी प्रदेशमा सुविधा थैलीको दर अस्पतालको खरिद दरभन्दा कम भएकाले सेवा प्रवाह कठिन भएको छ। त्यस्तै कर्णालीमा बीमित व्यक्तिले समयमै सेवा पाउन नसक्नु, लुम्बिनीमा सेवा प्रदायक व्यवहार अनुकूल नहुनाका साथै गुणस्तरमा कमी हुनु र मधेस प्रदेशमा औषधिको अभाव तथा सेवाग्राहीको पायकपर्ने स्थानमा सूचीकृत अस्पताल नहुनुजस्ता समस्या देखिएको उहाँहरुले बताउनुभयो।

फरक प्रसङ्गमा मन्त्री मेहताले सरकारी अस्पतालप्रति जनताको विश्वास फर्काउनुपर्ने त्यसका लागि स-साना कुराबाट सुरु गर्नुपर्ने बताउनुभयो। "सरसफाइको नियमित तालिका, लाइनको व्यवस्थापन र चिकित्सकको उपस्थिति नियमित हुने कुराले निजी अस्पतालप्रति आकर्षित देखिन्छन् तर स्तरीय जनशक्ति, उपकरण आदिका दृष्टिले सार्वजनिक स्वास्थ्य संस्थाहरु अब्बल छन्। तर स-साना कुरालाई ध्यान नदिएका कारण त्यस्तो भएको देखिन्छ", उहाँले भन्नुभयो।

कतैका अस्पतालमा उपकरण काम लिन नसकिएर थन्किएर बस्ने त कतैका अस्पतालमा अभाव हुने प्रवृत्ति रहेको बताउँदै मन्त्री मेहताले त्यस्ता प्रयोग नभएका उपकरणको सूची मन्त्रालयमा पठाइदिन प्रदेश तथा स्थानीय तहका स्वास्थ्य अधिकारीलाई आग्रह गर्नुभयो। "सामान्य मर्मत गरे हुने उपकरण सोही अवस्थामा राख्न र पछि चाहिएका बेला किन्नेतर्फ लाग्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्राडा जगदिश अग्रवालले गलत तरिकाले बिमाबापतको रकम दाबी गर्ने प्रवृत्तिलाई निरुत्साहित नगरेसम्म स्वास्थ्य बिमा समस्याको विषय भइरहने बताउनुभयो। जिल्ला र स्थानीय तहका स्वास्थ्यकर्मीले आफूलाई हाकिम नभई सेवक भएको सम्झेर कार्य गर्नुपर्ने उहाँको भनाइ थियो।

# उमेर पुगेर बिहे गर्ने छोरीलाई ५१ हजार नगद

महोत्तरी, ५ असार (रासस)।

अब महोत्तरीको बर्दिबास नगर क्षेत्रका २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरी (महिला)ले रु ५१ हजार नगद प्रोत्साहन पाउने भएका छन्। नगरको १८औं नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यमा यस्तो घोषणा गरिएको हो।

"बालविवाह न्यूनीकरणका लागि यसपालि यस्तो प्रोत्साहनको व्यवस्था गरिएको हो", नगरप्रमुख प्रल्हादकुमार क्षेत्री भन्नुहुन्छ, "अब सुरु हुने नयाँ आर्थिक वर्ष २०८३/८४ मा यो प्रोत्साहन रकम उमेर पुगेर विवाह गर्ने नगर क्षेत्रका प्रत्येक छोरीले पाउनेछन्।" यसले बालविवाहलाई निरुत्साहित गर्नसँगै कानुनअनुसार उमेर पुगेर विवाह गर्नुपर्छ भन्ने सचेतना अभिवृद्धिमा सघाउ पुग्ने क्षेत्रीको विश्वास छ। गत मङ्गलबार प्रस्तुत नीति तथा कार्यक्रमभित्रको यो व्यवस्थाबारे समाजका सबैतिरबाट हौसला पाइएको उहाँले बताउनुभयो।

यसअघि २०८० साल चैत ५ गते नगर क्षेत्रका मुसहर समुदायलाई लक्षित गरी नगरप्रमुखले उमेर पुगेर विवाह गर्ने मुसहर जोडीलाई रु ५० हजार नगद प्रोत्साहनको घोषणा गर्नुभएको थियो। सोअनुसार हालसम्म बर्दिबास-१२ को एक जोडीले मात्र प्रोत्साहन रकमको दाबी गरेर लिएका नगर कार्यपालिकाको कार्यालयको अभिलेखबाट देखिन्छ।

जम्मा १४ वडाको नगरपालिका क्षेत्रमा सबैजसो वडामा मुसहर समुदायको बसोबास छ। तर यो उमेर पुगेर विवाह गर्नेलाई दिइने प्रोत्साहन रकम एक जोडीले मात्र लिनुले यिनीहरूमा अझै बालविवाह कायमै रहेको अड्कल गर्न सकिने बर्दिबास-२ का सामाजिक-राजनीतिक कार्यकर्ता देवनारायण महतो बताउनुहुन्छ।

अहिले एक लाख हाराहारीको जनसङ्ख्या भएको नगरपालिकामा यहाँका १३ वडाहरू पछिल्ला दुई वर्षभित्र बालविवाहमुक्त वडा घोषणा भइसकेका छन्। अब बर्दिबास-१२ मात्र बालविवाह मुक्त क्षेत्र घोषणा हुन बाँकी छ। नगरले आउने आर्थिक वर्षदेखि लागू हुनेगरी निर्णय गरेको २० वर्ष उमेर पुगेर विवाह गर्ने छोरीलाई रु ५१ हजार प्रोत्साहन रकमको व्यवस्थाले सामाजिक सचेतना बढाउन सहज हुने अपेक्षा गरिएको छ।

नगरका आमसमुदायका छोरीका लागि यो व्यवस्था भए पनि मुसहर समुदायको हकमा पुरुष, महिला दुवैले पाउने यसअघिदेखिको व्यवस्था कायम नै राखिएको नगरप्रमुख क्षेत्रीले स्पष्ट पार्नुभयो। मुसहर जाति समुदायमा बालविवाहका घटना बाक्लै पाइने हुँदा यसलाई नियन्त्रण गर्न पुरुष, महिला दुवैलाई प्रोत्साहन दिइने व्यवस्था कायम नै राखिएको उहाँको भनाइ छ। नगरपालिकाको यो नयाँ निर्णयलाई महिला अधिकारवादीहरूले सामाजिक सुधारमा सहयोग पुग्ने प्रतिक्रिया दिएका छन्।

# कक्षा १२ को परीक्षाफलमा ६४ प्रतिशत ग्रेडेड

**दैनिक समाचारदाता**

**काठमाडौं, ५ असार।**

राष्ट्रिय परीक्षा बोर्डले बिहीबार कक्षा १२ को नतिजा सार्वजनिक गरेका छ। बोर्डका अनुसार नतिजामा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी वर्गीकृत (ग्रेडेड) भएका छन्।

जसमध्ये नियमिततर्फ ६९ दशमलव ७५ र आंशिकतर्फ ४२ दशमलव ३८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका हुन्।

नियमिततर्फ यस वर्ष तीन लाख ३२ हजार दुई सय ४१ र आंशिकतर्फ ८५ हजार नौ सय २९ गरी कूल चार लाख १८ हजार एक सय ७९ परीक्षार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये नियमिततर्फ दुई लाख ३१ हजार सात सय ७० र आंशिकतर्फ ३६ हजार चार सय २० जना गरी कूल दुई लाख ६८ हजार एक सय ९० परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन्।

# एडिबीद्वारा ११ करोड ५० लाख अमेरिकी डलरको सहुलियत ऋण स्वीकृत

काठमाडौं, ५ असार (रासस)।

एसियाली विकास बैंक (एडिबी)ले नेपालका नगरपालिकामा खानेपानी र सरसफाइ सुधारका लागि ११ करोड ५० लाख अमेरिकी डलर बराबरको सहुलियत ऋण स्वीकृत गरेको छ।

एडिबीले एकीकृत खानेपानी आपूर्ति तथा ढल व्यवस्थापन परियोजनाबाट १३ जिल्लाका आठलाख ५० हजारभन्दा धेरै नागरिक लाभान्वित हुने जनाएको छ।

एडिबीका अनुसार उक्त परियोजनाले खानेपानीको पहुँच विस्तार र ढल तथा फोहरपानी व्यवस्थापनमा भूमिका खेल्ने बताइएको छ।

"नेपालमा तीव्र सहरीकरणका कारणले सहरी क्षेत्रमा अत्यधिक चाप बढ्दै गइरहेका छन्। जसले गर्दा धेरैजसो समुदायमा खानेपानी र आधारभूत स्वास्थ्य सुविधाबाट वञ्चित भइरहेका छन्", एडिबी नेपालका 'कन्ट्री डाइरेक्टर' आर्नो कोश्वाले भन्नुभयो, "यो परियोजना सञ्चालनमा आएपछि खानेपानी र सरसफाइमा थप पहुँच अभिवृद्धि गर्ने आशा राखेका छौं।"

# विश्व समाचार

## स्विस वार्ता पुनः स्थगित

जेनेभा, ५ असार (रासस/एएफपी)।

अमेरिका-इरान शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय वार्ता पुनः अनिश्चित बनेको छ र मध्यपूर्वमा जारी तनाव व्यवस्थापन गर्ने उद्देश्यले तय गरिएको स्विट्जरल्यान्डको बैठक स्थगित भएको स्विस सरकारले जनाएको छ। अमेरिकी उपराष्ट्रपति जेडी भान्सको स्विट्जरल्यान्ड यात्रा रद्द भएको केही घण्टापछि वार्ता स्थगनको औपचारिक घोषणा गरिएको हो। स्विस विदेश मन्त्रालयले एएफपीलाई पठाएको सूचनामा अमेरिका, इरान, कतार र पाकिस्तानबीच हुने भनिएको वार्ता हाललाई रोकिएको स्पष्ट गरिएको छ। मन्त्रालयका अनुसार बर्गेनस्टकमा आवश्यक तयारी कार्य जारी रहे पनि नयाँ मिति तय गरिएको छैन। स्विट्जरल्यान्डले वार्ता सहज बनाउन आफू तयार रहेको जनाएको छ।

यो वार्ता हालै सम्पन्न भनिएको सम्झौतापछि अगाडि बढ्ने दोस्रो चरणको छलफलका रूपमा हेरिएको थियो र यसको उद्देश्य इरानसँगको द्वन्द्व अन्त्य गर्ने, हर्मुज जलघाँटी पुनः सञ्चालनमा ल्याउने तथा तेहरानको आणविक कार्यक्रमलगायत विषयमा ६० दिनभित्र ठोस सहमति खोज्ने रहेको उल्लेख गरिएको थियो। ह्वाइट हाउसले भान्सको यात्रा रद्द गर्दै वार्ता स्थगन गरिएको पुष्टि गरेको छ। अमेरिकी प्रशासनका अनुसार कूटनीतिक प्रक्रिया जटिल र अस्थिर भएकाले समयतालिका बारम्बार परिवर्तन भइरहेका छन्, तर प्राविधिक तहका छलफल छिट्टै सुरु गर्ने तयारी भइरहेको छ।

इरानतर्फ तस्निम समाचार एजेन्सीले इरानी प्रतिनिधिमण्डलको स्विट्जरल्यान्ड भ्रमणबारे कुनै आधिकारिक पुष्टि नभएको जनाएको छ। यसले दुवै पक्षबीच औपचारिक संवाद अघि बढे पनि कार्यान्वयन चरण अझै अनिश्चित रहेको देखाएको छ। समाचार अनुसार उक्त सम्झौतामा अमेरिका र इरानका शीर्ष नेतृत्वबीच छुट्टाछुट्टै हस्ताक्षर भएको दाबी गरिएको छ, जसलाई लिएर विभिन्न राजनीतिक प्रतिक्रिया आएका छन्। इरानका सर्वोच्च नेताका रूपमा उल्लेख गरिएका अयातुल्ला मोजतबा खमेनीले केही असहमति हुँदाहुँदै पनि राष्ट्रहितका कारण सम्झौतालाई अनुमोदन गरेको बताउनुभएको छ। यद्यपि ती दाबीहरूको स्वतन्त्र पुष्टि भने भएको छैन।

इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबफले सम्झौताको उल्लङ्घन भए 'निर्णायक जवाफ' दिने चेतावनी दिनुभएको छ। यता अमेरिकी सेनाले इरानी बन्दरगाहमाथिको नौसैनिक नाकाबन्दी हटाएको बताइएको छ भने आफ्ना युद्धपोतहरू क्षेत्रमै रहने जनाएको छ। ऊर्जा तथा रणनीतिक दृष्टिले महत्त्वपूर्ण हर्मुज जलघाँटीमा गतिविधि पुनः सुरु हुन थालेको सङ्केत देखिएको छ। केही तेल ट्याङ्कर र तरल प्राकृतिक ग्यास बोकेका जहाजहरूले जलमार्ग प्रयोग गरेको रिपोर्ट आएको छ। इरानले भने जहाज आवागमनका लागि नयाँ अनुमति प्रणाली लागू गरेको छ, जसअनुसार ६० दिनसम्म शुल्क नलाग्ने व्यवस्था गरिएको छ। सम्झौताअनुसार इरानमाथिका तेल प्रतिबन्ध हटाइने र आणविक कार्यक्रमसम्बन्धी अन्तिम सहमतिपछि पुनर्निर्माणका लागि ठूलो आर्थिक सहायता परिचालन हुने उल्लेख गरिएको छ। तर ती प्रावधानहरूको कार्यान्वयन र राजनीतिक सहमतिबारे अझै स्पष्टता आएको छैन।

यसैबीच, लेबनानमा इजरायल र हिजबुल्लाहबीच तनाव पुनः बढेको छ। हिजबुल्लाहले आफ्ना लडाकुहरूले इजरायली ट्याङ्मा आक्रमण गरेको दाबी गरे पनि इजरायलले त्यसको पुष्टि गरेको छैन। दुवै पक्षबीच सीमावर्ती क्षेत्रमा आक्रमण-प्रत्याक्रमण जारी रहेको बताइएको छ।

## टोकियो विद्यालयमा आगलागी, ३०० जनाको सुरक्षित उद्धार

टोकियो, ५ असार (रासस/एपी)।

जापानको राजधानी टोकियोस्थित एक प्राथमिक विद्यालयमा शुक्रबार बिहान आगलागी भएपछि करिब ३०० विद्यार्थी र शिक्षकलाई सुरक्षित रूपमा बाहिर निकालिएको छ। विद्यालय भवनको माथिल्लो तलाबाट आगो फैलिएको भए पनि समयमै गरिएको उद्धार र नियन्त्रण प्रयासका कारण कुनै मानवीय क्षति नभएको अधिकारीहरूले जनाएका छन्। टोकियोको डाउनटाउन क्षेत्रमा रहेको टाकिनोगावा नम्बर-३ प्राथमिक विद्यालयमा स्थानीय समयअनुसार शुक्रबार बिहान आगलागी भएको हो। टोकियो फायर विभागका अनुसार चारतले विद्यालय भवनको चौथो तलामा रहेको सङ्गीत कक्ष नजिकबाट आगो सुरु भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ। आगलागी भएपछि विद्यालय परिसरमा तत्काल आपत्कालीन उद्धार अभियान सञ्चालन गरिएको थियो।

अग्नि नियन्त्रकहरू घटनास्थलमा पुगेर भवनभित्र रहेका एक शिक्षक तथा केही विद्यार्थीलाई सुरक्षित रूपमा बाहिर निकाल्न सफल भएका थिए। फायर विभागका अनुसार उद्धार गरिएका कसैलाई पनि गम्भीर वा ज्यान जोखिममा पार्ने खालको चोट लागेको छैन। आगलागी सुरु भएपछि विद्यालय प्रशासनले पनि तत्काल सुरक्षा प्रोटोकल लागू गर्दै विद्यार्थी र कर्मचारीलाई सुरक्षित स्थानतर्फ सार्ने व्यवस्था गरेको थियो।

आगलागीको क्रममा भवनभित्र रहेका अन्य सबै विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई विद्यालय नजिकैको पार्कमा सुरक्षित रूपमा स्थानान्तरण गरिएको अधिकारीहरूले बताएका छन्। उद्धार तथा खोजी कार्यपछि भवनभित्र कोही पनि बाँकी नरहेको पुष्टि गरिएको थियो। स्थानीय टेलिभिजनहरूले प्रसारण गरेका दृश्यहरूमा विद्यालय भवनको चौथो तलाको झ्यालबाट बाक्लो कालो धुवाँ निस्किरहेको देखिएको थियो। आगो नियन्त्रणमा लिन अग्नि नियन्त्रकहरूले तीव्र रूपमा काम गरेका थिए भने घटनास्थलमा दर्जनौं फायर इन्जिन र आपत्कालीन सेवाका सवारीसाधन परिचालन गरिएको थियो।

अधिकारीहरूका अनुसार आगो फैलिन नदिन तत्काल कदम चालिएकाले ठूलो क्षति हुनबाट जोगिएको छ। यद्यपि भवनको माथिल्लो भागमा केही भौतिक क्षति पुगेको अनुमान गरिएको छ। विद्यालय सञ्चालन र भवनको अवस्थाबारे थप मूल्याङ्कनपछि निर्णय गरिने जनाइएको छ। आगलागीको वास्तविक कारण भने अझै खुल्न सकेको छैन। टोकियो फायर विभाग र सम्बन्धित निकायहरूले घटनाको विस्तृत अनुसन्धान सुरु गरेका छन्। प्रारम्भिक रूपमा आगो कसरी सुरु भयो भन्नेबारे कुनै आधिकारिक निष्कर्ष सार्वजनिक गरिएको छैन। विद्यार्थीहरूको सुरक्षालाई प्राथमिकता दिँदै उद्धार कार्य सफलतापूर्वक सम्पन्न भएकाले अभिभावक तथा स्थानीय समुदायलाई केही राहत मिलेको छ। अनुसन्धान पूरा भएपछि आगलागीको कारण र क्षतिको विस्तृत विवरण सार्वजनिक गरिने अपेक्षा गरिएको छ।

# ‘मानव स्वास्थ्यका लागि नियमित योग आवश्यक छ’




जनकपुरधाम, ५ असार (रासस)।
मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मानव स्वास्थ्यका लागि नियमित योग आवश्यक रहेको बताउनुभएको छ। अन्तरराष्ट्रिय योग दिवसको अवसरमा शुक्रबार बिहान जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा आयोजित योग कार्यक्रममा उहाँले योगाभ्यासले मानवलाई स्वस्थ राख्ने भएकाले योग शिक्षा अनिवार्य गर्नुपर्नेमा जोड दिनुभयो।
स्वस्थ्य रहन मानवले दैनिक एक घण्टा योग गर्नुपर्ने बताउँदै मुख्यमन्त्री यादवले कार्यव्यस्तताका बाबजुद मानवले स्वस्थ्य रहन दैनिक योग गर्नुपर्ने धारणा राख्नुभयो। “स्वास्थ्य महत्वपूर्ण विषय हो”, उहाँले भन्नुभयो, “स्वस्थ रहन योग आवश्यक छ, त्यसैले नियमित योग गरौँ र निरोग रहौँ।” योग गर्दा स्वस्थसँगै सोच र विचारमा पनि परिवर्तन आउने उहाँको भनाइ छ।
मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले निरोगी रहन नियमित योगाभ्यास आवश्यक रहेको उल्लेख गर्दै योगाभ्यासको शिक्षालाई समुदायस्तरसम्म फैलाउनुपर्नेमा जोड दिनुभयो।
पर्साको वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावास र पतञ्जली योग समिति मधेस प्रदेश समितिद्वारा आयोजित योगाभ्यास कार्यक्रममा प्रदेश सरकारका मन्त्री, प्रदेशसभाका सदस्य, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार चौधरीलगायतको उपस्थिति थियो।

# राष्ट्रिय परिचयपत्र आफैँले डाउलोड गर्न सकिने

**दैनिक समाचारदाता**
**काठमाडौँ, ५ असार।**
सरकारले राष्ट्रिय परिचयपत्र सम्बन्धित व्यक्तिले नै डाउलोड गर्न मिल्ने सेवा सुरु गरेको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बिहीबारदेखि परीक्षणका रूपमा उक्त सेवा सुरु गरेको हो।
विभागको राष्ट्रिय परिचयपत्रसम्बन्धी वेभसाइट https://citizenportal.donidcr.gov.np/ne मार्फत व्यक्तिको फोटो र अनलाइन ‘भेरिफिकेसन’ क्युआर कोडसहितको परिचयपत्र कार्ड डाउनलोड गर्न सकिनेछ।
सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत बुँदा नं २ मा ‘विभागको प्रणालीबाट व्यक्तिको फोटो र क्युआर कोडसहितको राष्ट्रिय परिचयपत्र कार्ड सम्बन्धित व्यक्तिले नै डाउनलोड गर्ने प्रणाली निर्माण गर्ने’ उल्लेख थियो।
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएका नागरिकले नाम (नेपाली वा अङ्ग्रेजी), जन्ममिति र नागरिकता जारी मिति पेस गरी आफ्नो कार्ड डाउनलोड गर्न सक्ने विभागले जनाएको छ।
कुनै पनि सार्वजनिक निकाय वा संस्थाले हाल विभागको प्रणालीबाट पिन्ट गरिएको फोटोसहितको राष्ट्रिय परिचय नम्बरको निस्सा हेरी सेवा प्रवाह गर्ने गरेकामा अब उप्रान्त सो कार्डमा रहेको क्युआर कोड स्क्यान गरी देखिने विवरण र नागरिकले देखाउने निस्सामा रहेका विवरण रुजु गरी सेवा प्रवाह गर्न विभागले अनुरोध गरेको छ।

# दादुराको उच्च जोखिम रहेका जिल्लामा खोप अभियान

काठमाडौँ, ५ असार (रासस)।
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले दादुराको उच्च जोखिम रहेको जिल्लामा दादुराविरुद्धको खोप अभियान सञ्चालन गरेको छ। स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले दादुरा देखिएका नौ जिल्लामा ‘दादुरा महामारी प्रतिकार्य खोप अभियान’ सञ्चालन गरिरहेको हो।
जाजरकोट, सुर्खेत, कालीकोट, महोत्तरी, बागलुङ र सिराहा ‘दादुरा महामारी प्रतिकार्य खोप अभियान’ सञ्चालन गरिरहेको उहाँले बताउनुभयो। उक्त अभियान यही हप्तासम्म सञ्चालन हुनेछ। त्यस्तै सर्लाहीमा यसअघि खोप अभियान सञ्चालन गरिसकिएको छ भने अछाम र दैलेखमा दुई जनामा मात्र दादुरा देखिएकाले तत्काल खोप अभियान सञ्चालन गर्नु नपरेको खोप शाखा प्रमुख डा गौतमले बताउनुभयो।
दादुराको उच्च जोखिम रहेका छ महिनादेखि १५ वर्षसम्म उमेर समूहका बालबालिकामा खोप अभियान सञ्चालन गरिएको शाखा प्रमुख डा गौतमले बताउनुभयो। बागलुङ छ महिनादेखि २० वर्षसम्म उमेर समूह र जाजरकोटमा छ महिनादेखि २४ वर्षसम्म उमेर समूहलाई खोप दिइएको उहाँले जानकारी दिनुभयो। यी दुई जिल्लामा १५ वर्षभन्दा माथिकामा पनि दादुरा देखिएकाले २४ वर्ष उमेर समूहलाई खोप दिइएको उहाँले बताउनुभयो।
“दादुरा अत्यन्तै सङ्क्रामक रोग हो। एक जना सङ्क्रमित व्यक्तिले १८ जनासम्मलाई सङ्क्रमण सार्न सक्दछ। त्यसैले सङ्क्रमण फैलिएको क्षेत्रमा द्रुत रूपमा खोप अभियान सञ्चालन गरी बालबालिका तथा समुदायलाई सुरक्षित बनाउने प्रयास भइरहेको छ”, खोप शाखा प्रमुख डा गौतमले भन्नुभयो।

# मधेस प्रदेश सरकारको ११ महिनामा पुँजीगत खर्च १३ दशमलव ७६ प्रतिशत मात्र

जनकपुरधाम, ५ असार (रासस)।
चालु आर्थिक वर्ष २०८२/८३ सकिन एक महिना मात्र बाँकी रहँदा मधेश प्रदेश सरकारको पुँजीगत खर्च निराशाजनक देखिएको छ।
प्रदेश अर्थ मन्त्रालयका अनुसार प्रदेश सरकारले साउनदेखि जेठसम्ममा कूल बजेटको २१ दशमलव २४ प्रतिशत खर्च गरेको छ। जसमध्ये चालुतर्फ ३६ दशमलव २२ प्रतिशत र पुँजीगततर्फ १३ दशमलव ७६ प्रतिशत बजेट खर्च गरेको प्रदेश सरकारको अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिनुभयो।
चालु आवका लागि प्रदेश सरकारले रु ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको थियो। जसमध्ये जेठसम्म रु नौ अर्ब ९८ करोड ५५ हजार मात्रै खर्च भएको छ।
विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ६९ दशमलव ६५ प्रतिशत, मुख्यन्यायाधिवक्ताको कार्यालयले ४९ दशमलव ७२ प्रतिशत, अर्थ मन्त्रालयले ४७ दशमलव २८ प्रतिशत, प्रदेशसभा सचिवालयले ४५ दशमलव १७ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ३९ दशमलव ८२ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ३५ दशमलव ३९ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम खेलकुद तथा सामाज कल्याण मन्त्रालयले पाँच दशमलव ५७ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ।
गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, पटक-पटक सरकार परिवर्तन भएकोजस्ता कारणले बजेट कार्यान्वयन कमजोर भएका मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बताउनुभयो। उहाँले चालु आवको अन्त्यसम्ममा बजेट खर्च ५० प्रतिशतभन्दा बढी हुने अर्थमन्त्री भट्टराईको विश्वास छ।

***“समुन्नती कार्यक्रम” ...***

कार्यक्रमहरु सञ्चालन, हरित तथा जंकफुड रहित विद्यालय घोषणा गरिएको पाईएको छ। सेभ द चिल्ड्रेनको सहयोग, सबल नेपालको साझेदारी तथा पालिकाको समन्वयमा दुवै पालिकामा सञ्चालित कार्यक्रम सफल भएको छ।
सबल नेपालको समन्वयमा गरिएको अनुगमनमा नेपाल पत्रकार महासंघका पुर्वअध्यक्ष वैद्यनाथ झा, पत्रकार विनय कुमार लाल कर्ण, परिष कर्णसहित सबल नेपालका फिल्ड म्यानेजर रोशन मंडल सहितको सहभागिता रहेको थियो।

# स्रोत नखुलेको नगदसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, ५ असार।**
सर्लाहीको मलंगवा नगरपालिका १० झिम पुलबाट प्रहरीले स्रोत नखुलेको नगदसहित दुई जनालाई पक्राउ गरेको छ।
पक्राउ पर्नेमा सर्लाहीको रामनगर गाउँपालिका ३ घर भएका गुड्डु कुमार यादव र रामनगर-१ घर भएका २४ वर्षीय रुपेश कुमार यादव छन्।
भारतबाट नेपालतर्फ ल्याउँदै गरेको ३२ लाख आरोपीहरूको साथबाट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।
असार ४ मा आरोपीहरू सवार मधेस प्रदेश-०५-००१प.११०६ नम्बरको मोटरसाइकलमा आउँदै गरेको अवस्थामा उनीहरू पक्राउ परेका हुन्। बरामद रकमको स्रोत खुलेको छैन।
आरोपीहरू विरुद्ध हुण्डी सम्बन्धी कसुरमा अदालतबाट ७ दिनको म्याद लिएर अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

# यस वर्ष प्रि-मनसुनमा ४५ वर्षयताकै सबैभन्दा बढी वर्षा

काठमाडौँ, ५ असार (रासस)।
यस वर्षको प्रि-मनसुन अवधिको वर्षा मापनअनुसार ४५ वर्षयताकै सबैभन्दा बढी पानी परेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार प्रि-मनसुन याममा नेपालमा औसत २२६ दशमलव तीन मिलिमिटर पानी पर्दछ।
यस वर्ष भने औसतको १४५ दशमलव पाँच प्रतिशत अर्थात् ३३९ दशमलव सात मिलिमिटर पानी परेको विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले जानकारी दिनुभयो।
यसैबीच पछिल्लो २४ घण्टामा झापाको अनारमनी बिर्तामा सबैभन्दा बढी वर्षा भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा सो क्षेत्रमा रहेको वर्षा मापन केन्द्रमा २०८ मिलिमिटर वर्षा (अति भारी वर्षा) भएको मापन गरिएको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिनुभयो। उहाँका अनुसार २०० मिलिमिटरभन्दा बढी वर्षा भएमा अति भारी वर्षा मापन गरिन्छ। झापा क्षेत्रमा पछिल्लो केही दिनदेखि लगातार वर्षा भइरहेको छ।
झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले पछिल्लो केही दिन सीमित क्षेत्रमा खण्डवृष्टि भइरहेको जानकारी दिँदै त्यसको ठूलो क्षति वा असरका बारेमा भने अहिलेसम्म जानकारी नआएको राससलाई बताउनुभयो। सो क्षेत्रबाट मनसुन भित्रिने सँघारमा रहेको विभागले जनाएको छ।
त्यस्तै इलाम, मोरङ, सुनसरी, सिन्धुलीका केही मापन केन्द्रहरूमा पनि भारी वर्षा मापन भएको छ। तर, यसपाली सीमित क्षेत्रमा वर्षा भइरहेको छ। यता पश्चिम क्षेत्रको कास्की लमजुङ गोरखाका केही मापन केन्द्रमा समेत भारी वर्षा मापन भएको छ।
सन् १९८१ देखि १२६ वटा वर्षा मापन केन्द्रको तथ्याङ्कलाई आधार मानी प्रि-मनसुनको विश्लेषण गर्दै आएको र सोही क्रममा यसपाली ४५ वर्षयताकै बढी वर्षा भएको हो।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np